# स्थानीय राजपत्र

## विगु गाउँपालिकाद्धारा प्रकाशित

| खण्डः ५ | संख्याः ३ | मितिः २०७९/०५/०१ |
|---|---|---|


### भाग-२

## बालबिकास सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीका लागि प्रोत्साहन सम्बन्धी कार्यविधि, २०७९

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/०४/२५**

**प्रस्तावनाः**

विगु गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत विद्यालय कर्मचारी, बालविकास केन्द्रमा कार्यरत बालविकास सहयोगी कार्यकर्ताहरुको पारिश्रमिकको सम्बन्धमा आ. व. २०७९/०८० को बजेट बक्तव्यमा नेपाल सरकारबाट बालविकास सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीको न्यूनतम पारिश्रमिक मासिक रु. १५,०००।०० (अक्षरेपी रुपैयाँ पन्ध्र हजार मात्र) पुर्याउनुपर्ने त्यसका लागि सङ्घीय सरकार र स्थानीय सरकारको साझेदारीमा तलब भत्ता निकासा गर्नुपर्ने व्यवस्था भए बमोजिम सङ्घीय सरकारबाट प्राप्त हुने अनुदान रकम बाहेकको रकम गाउँपालिकाबाट थप रकम प्रोत्साहन स्वरुप थप गरी पारिश्रमिकलाई समयसापेक्ष बनाउँदै लैजान र उनीहरुलाई काममा प्रेरित गर्न आवश्यक देखिएकोले विगु गाउँकार्यपालिकाले यो कार्यविधि तयार गरी लागू गरेको छ ।

### परिच्छेद -१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम **बालविकास सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीका लागि प्रोत्साहन सम्बन्धी कार्यविधि २०७९** रहेको छ।

ख) यो कार्यविधि विक्रम सम्बत २०७९ श्रावण १ गतेबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **कार्यपालिका** भन्नाले विगु गाउँकार्यपालिकालाई सम्झनुपर्दछ ।

ख) **शिक्षा शाखा** भन्नाले विगु गाउँपालिकाको शिक्षा शाखालाई सम्झनुपर्दछ ।

ग) **विद्यालय** भन्नाले विगु गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरु सम्झनुपर्दछ।

घ) **विद्यालय कर्मचारी** भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारीलाई सम्झनुपर्दछ र सो शब्दले विद्यालय कर्मचारीको लागि नेपाल सरकारबाट नियमित अनुदान प्राप्त गर्ने वा सरकारी अनुदानबाट सेवा सुविधा प्राप्त गर्ने गाउँपालिकाको शिक्षा शाखाको अभिलेखमा रहेका विद्यालय सहयोगी र विद्यालय सहायक कर्मचारीलाई मात्र सम्झनुपर्दछ ।

ङ) **विद्यालय सहयोगी** सामुदायिक विद्यालयमा विद्यालय सहयोगी पदमा नियुक्त सरकारी अनुदानबाट सेवा सुविधा प्राप्त गर्ने गाउँपालिकाको शिक्षा शाखाको अभिलेखमा रहेका व्यक्तिलाई सम्झनुपर्दछ ।

च) **विद्यालय सहायक** भन्नाले सामुदायिक माध्यमिक विद्यालयमा विद्यालय सहायक पदमा नियुक्त सरकारी अनुदानबाट सेवा सुविधा प्राप्त गर्ने गाउँपालिकाको शिक्षा शाखाको अभिलेखमा रहेका व्यक्तिलाई सम्झनुपर्दछ ।

छ) **बालविकास सहयोगी कार्यकर्ता** भन्नाले सङ्घीय सरकार वा गाउँपालिकाको अनुदानमा नियुक्त भई गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत बालविकास सहयोगी कार्यकर्तालाई जनाउँछ । सो शब्दले समुदायमा आधारित बालविकास केन्द्रमा कार्यरत बालविकास सहयोगी कार्यकर्तालाई समेत सम्झनुपर्दछ ।

ज) **प्रोत्साहन** भन्नाले विगु गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत विद्यालय कर्मचारी, बालविकास सहयोगी कार्यकर्ता र समुदायमा आधारित बालविकास केन्द्रमा कार्यरत बालविकास सहयोगी कार्यकर्तालाई सङ्घीय सरकारबाट उपलब्ध गराइने अनुदान बाहेक गाउँपालिकाबाट थप गरिएको पारिश्रमिक बापतको रकमलाई सम्झनुपर्दछ ।

## परिच्छेद - २

## प्रोत्साहन अनुदान सम्बन्धी व्यवस्था

**३. प्रोत्साहन अनुदान दिन सकिनेः**

प्रचलित शिक्षा ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सामुदायिक विद्यालयमा नियुक्त विद्यालय कर्मचारी र बालविकास सहयोगी कार्यकर्ता तथा समुदायमा आधारित बालविकास सहयोगी कार्यकर्ताहरुलाई देहाय बमोजिम प्रोत्साहन रकम अनुदान दिन सकिनेछः

क) आधारभूत तह (कक्षा १-५) र (कक्षा १-८) सञ्चालित विद्यालयमा कार्यरत सम्पूर्ण सामुदायिक विद्यालयका विद्यालय सहयोगीका लागि सङ्घीय सरकारबाट प्राप्त अनुदान रकममा प्रोत्साहन स्वरुप मासिक रु. ७,०००।०० (अक्षरेपी सात हजार मात्र) थप गरी १२ महिना बराबर हुन आउने रकम र चाडपर्व खर्च बापत रकम रु. ७,०००।०० (अक्षरेपी सात हजार मात्र)

ख) माध्यमिक तह (कक्षा १-१०) र (कक्षा ११-१२) सञ्चालित विद्यालयमा कार्यरत सम्पूर्ण सामुदायिक विद्यालयका विद्यालय सहयोगीका लागि सङ्घीय सरकारबाट प्राप्त अनुदान रकममा प्रोत्साहन स्वरुप मासिक रु. ७,०००।०० (अक्षरेपी सात हजार मात्र) थप गरी १२ महिना बराबर हुन आउने रकम र चाडपर्व खर्च बापत रु. ७,०००।०० (अक्षरेपी सात हजार मात्र)

ग) माध्यमिक तह (कक्षा १-१०) र (कक्षा ११-१२) सञ्चालित विद्यालयमा कार्यरत सम्पूर्ण सामुदायिक विद्यालयका विद्यालय सहायक कर्मचारीका लागि सङ्घीय सरकारबाट प्राप्त अनुदान रकममा प्रोत्साहन स्वरुप मासिक रु. ३५००।०० (अक्षरेपी तीनहजार पाँचसय मात्र) थप गरी १२ महिना बराबर हुन आउने रकम र चाडपर्व खर्च वापत रु. ३५०० (अक्षरेपी तीनहजार पाँचसय मात्र)

घ) सामुदायिक विद्यालय तथा समुदायमा आधारित बालविकास केन्द्रमा कार्यरत सम्पूर्ण बालविकास सहयोगी कार्यकर्ताका लागि सङ्घीय सरकारबाट प्राप्त अनुदान रकममा प्रोत्साहन स्वरुप रु. ५,०००।०० (अक्षरेपी सातहजार मात्र) थप गरी १२ महिना बराबर हुन आउने रकम र चाडपर्व खर्च बापत रु. ५,०००।०० (अक्षरेपी पाँचहजार मात्र)

ङ) गाउँपालिकाको अनुदानबाट सञ्चालित बालविकास केन्द्रका सहयोगी कार्यकर्तालाई तलबभत्ता स्वरुप मासिक रु.१५०००(अक्षरेपि पन्ध्रहजार मात्र)का दरले १२ महिनाको हुन आउने रकम, चाडपर्व खर्च बापत रु.१५००० र पोसाक खर्च वार्षिक रु.१००००(अक्षरेपि दसहजार मात्र)

**४. प्रोत्साहन रकम घटाउन वा रोक्का गर्न सकिनेः**

देहायको अवस्थामा विद्यालय कर्मचारी र बालविकास सहयोगी कार्यकर्ताहरुको प्रोत्साहन बापतको रकम गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम घटाउन वा रोक्का गर्न सकिनेछः

क) अनुगमन सुपरिवेक्षणको क्रममा अनियमितता वा लापर्बाही गरेको उचित वा पर्याप्त कारण फेला परेमा ।

ख) सङ्घीय वा प्रदेश सरकारबाट यस शीर्षकमा अनुदान थप भई आएमा।

## परिच्छेद -३
## विविध

**५. अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धी व्यवस्थाः**

विद्यालय कर्मचारी तथा बालविकास सहयोगी कार्यकर्ताको कामको अनुगमन प्रमुख प्रशासकीय अधिकृतको निर्देशनमा शाखाले गर्नेछ । सो सम्बन्धी अनुगमन प्रतिवेदन शाखाले गाउँपालिकामा पेस गर्नुपर्नेछ ।

**६. थपघट वा हेरफेर गर्न सक्नेः**

क) यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन र हेरफेर गर्न सकिनेछ ।

ख) यस कार्यविधिमा लेखिएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

प्रमाणीकरण मितिः २०७९/०५/०१

आज्ञाले,
शैलेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत